किस्पाङ गाउँपालिकाको दोश्रो गाउँसभा प्रथम अधिवेशनमा

मिति २०७९।०३।१० गते शुक्रबारका दिन

उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

किस्पाङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

# आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु

१. नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे अनुरुप नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको रुपमा यस दोस्रो सम्मानित गाउँसभा समक्ष आर्थिक वर्ष २०७९।०८० को बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मैले आफूलाई गौरवान्वित भएको महशुस गरेको छु ।साथै यो सम्मानित सभा समक्ष आगामी आ. व. को बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु।

२. यस अवसरमा लोकतन्त्र प्राप्त गर्न र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलनको क्रममा आफ्नो जीवन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाईते तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र परिवारजनमा गहिरो सहानुभूति प्रकट गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रको आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको २०७९ वैशाख ३० गते भएको निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम मतदाता, राजनीतिक दल, निर्वाचन कार्यालय र राष्ट्रसेवक कर्मचारी सबैमा म हार्दिक धन्यवाद दिन चाहान्छु । साथै निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरु सबैलाई हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

४. विश्वव्यापी कोभिड-१९ को महामारीका कारण ज्यान गुमाउनेहरुको परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै महामारीको त्यो विकराल अवस्थामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायतका कर्मचारी , स्वास्थ्य सामाग्री लगायत अन्य आवश्यक सामाग्री सहयोग गर्नुहुने विभिन्न संघ संस्था र व्यक्तिहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

रोवल तामाङ
अध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट

## आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघ एवम् प्रदेश सरकारका आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, दिगो विकासका लक्ष्यहरु, प्रदेश सरकारका न्युनतम साझा कार्यक्रम, स्थानीय राजनीतिक दलहरुको चुनावी घोषणापत्र, सम्माननीय राष्ट्रपतिज्यूबाट २०७९ जेठ १० मा संघीय संसदमा प्रस्तुत संघीय सरकारको नीति तथा कार्यक्रम गाउँपालिका विषयगत समिति, जनप्रतिनिधिहरु, स्थानीय राजनीतिक दलहरुको सर्वदलीय बैठक बाट प्राप्त सुझाव र अन्य सरोकारवाला नागरिक समाजका व्यक्तित्वहरुबाट प्राप्त सल्लाह सुझावहरु समेतको आधारमा मैले यो बजेट कार्यक्रम तर्जुमा गरेको छु।

६. आगामी आर्थिकवर्ष २०७९।०८० को बजेट देहायको उद्देश्य प्राप्ति गर्न केन्द्रित रहने छ ।

- उत्पादनमा वृद्धि, आयस्तरमा वृद्धि, रोगजारी सृजना, गरिवी निवारण ।
- वित्तीय अनुशासन पालन गर्ने, पारदर्शिता कायम गर्ने, सुशासन कायम गर्ने ।
- कृषिमा आधारित व्यवसायहरुबाट आत्मनिर्भर तर्फ उन्मुख हुने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी सबै नागरिकलाई सर्वसुलभ निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनमा जोड दिने ।
- कृषि तथा पशु प्राविधिक उत्पादनमा जोड दिने।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा जोड ।

७. गाउँपालिकाले जनतालाई प्रदान गर्ने सेवामा, छिटो छरितो व्यवस्थित,तथा प्रभावकारी बनाउनका लागि थप जनशक्तिको व्यवस्था गर्नुपर्ने भएकोले त्यसका लागि संगठन तथा व्यवस्थापन सर्भे (**Organisation and Management Survey**) गर्नका लागिआवश्यक व्यवस्था मिलाएको छु ।

८. यस बजेटमा राजश्व सुधार योजना कार्यान्वयन गर्न आवश्यक जोड दिएको छु । व्यवसायिक करको दायरालाई विस्तार गर्न सबै प्रकारका व्यवसायलाई अभिलेखीकरण गर्ने व्यवस्था मिलाएको छु ।

विरवल तामाङ
अध्यक्ष

## आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

९. गत आर्थिक वर्ष २०७७।०७८ को आय र व्ययको यथार्थ विवरण , चालु आर्थिक वर्ष २०७८।०७९ को असार मसान्त सम्मको संसोधित आयव्ययको अनुमान र आगामी आर्थिक वर्ष ०७९।०८० को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेखित गरेको छु ।

आदरणीय गाउँ सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

अब क्षेत्रगत वार्षिक मुख्य कार्यक्रम तथा बजेट विनियोजन प्रस्तुत गर्न अनुमती चाहन्छु ।

१०. अप्रत्यासित रुपमा समय समयमा आईपर्ने माहामारीको नियन्त्रण, आधारभूत स्वास्थ्य सेवा प्रवाह, जनशक्ति व्यवस्थापन,स्वास्थ्य सेवा सुदृढीकरण तथा गुणस्तरीय स्वास्थ्य सेवा समेतको लागि स्वास्थ्य तर्फ कुल रु. ८५ लाख विनियोजन गरेको छु ।

११. सामुदायिक विद्यालयमा कार्यरतकार्यालय सहयोगी, वाल विकास शिक्षक तथा लेखापालहरुको पारिश्रमिक वृद्धि गरी पालिका भित्रका क्याम्पस एवं विद्यालयको प्रभावकारी संचालनको लागि रु. १ करोड ४० लाख विनियोजन गरेको छु ।

१२. एक घर एक धारा नीति कार्यान्वयन गरी सबैलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न आवश्यक प्रक्रिया मिलाएको छु । साथै किस्पाङ गाउँपालिकाको गौरवको आयोजना हाङ्ग क्वाङ्ग स्योङ खोला मुहान गरी मनकामना फिकुरी खानेपानी आयोजना सम्पन्न गर्नको लागि रु. ५० लाख रुपैया विनियोजन गरेको छु ।

१३. कृषि क्षेत्रको विकास गरी स्वरोजगार सृजना गर्न र कृषि उपजको उत्पादन र बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।प्रत्येक वडामा रहेका कृषि सेवा केन्द्र प्रभावकारी रुपमा सञ्चालनको लागि भएका आवश्यक कर्मचारीहरु परिचालन गरी समग्र कृषि क्षेत्रको विकासको लागि रु ८५ लाख विनियोजन गरेको छु ।

विरवल तामाङ
अध्यक्ष

१४. सिंचाई सुविधा नपुगेका खेती योग्य जमिनमा समुचित सिंचाईको प्रवन्ध गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. पशु सुत्केरी भत्ताको कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिएको छु । नमूना गोठ सुधार, उन्नत पशु आहार व्यवस्थापन, दुधमा विक्री अनुदान, जनशक्ति थप गरी पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु । उल्लेखित समेतका कार्यक्रम संचालनका लागि पशु सेवा तर्फ रु. १ करोड १५ लाख विनियोजन गरेको छु । साथै प्रत्येक वडामा रहेका पशु प्राविधिकहरुबाट पशु पन्छीमा देखिने रोगहरुको निदान गर्न आवश्यक पर्ने औषधि निशुल्क वडा कार्यालयबाट वितरण गर्ने व्यवस्था मिलाएको छु ।

१६. लघु उधमको विकास र प्रवर्द्धन गरी स्वरोजगार सृजना गर्न साथै किस्पाङ गा.पा. अन्तर्गतको लघु उद्यमी संघलाई प्रभावकारी तरीकाले परिचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१७. पालिका भित्र रहेको मनकामना मन्दिर,किस्पांग चौर, चामछप्पा, गैर फुङफुङ झरना, सिङ्ला, नौ घडेरी, फिकुरी, भेडा फार्म लगाएतका पर्यटकीय एवम् धार्मिक स्थलहरुको अध्ययन गरी समग्र पर्यटन विकासको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

१८. पालिका क्षेत्र भित्रको मौलिक संस्कृती झल्कने मेला, पर्व, महोत्सव तथा ऐतिहासिक धार्मिक स्थलहरुको संरक्षण र विकासको लागि रु. २० लाख विनियोजन गरेको छु ।

१९. प्रत्येक वडा केन्द्र बाट पालिका केन्द्र सम्म जोड्ने सडक वर्षै भरी यातायात संचालनको लागि मर्मत संभार तथा पालिका क्षेत्र भित्रका अन्य सडकहरु स्तरोन्नतिका लागि रु ५० लाख तथा व्याक हो लोडर (डोजर) को लागि रु ५० लाख गरी जम्मा रु. १ करोड रकम विनियोजनको व्यवस्था मिलाएको छु ।

२०. झोलुंगे पुल तर्फ नेपाल सरकारसँगको साँझेदारीमा ५ वटा झोलुङ्गे पुल निर्माणको कार्य शुरुवात गर्न आवश्यक रकम विनियोजन गरेको छु । बिभिन्न गैह्रसरकारी संघ संस्थाहरुको साझेदारीमा कृषि,पशुपालन, शिक्षा, स्वास्थ्य महिला सशक्तिकरण सामाजिक समावेशीकरण तथा समुदायको वहुआयामिक विकाश लगायतका क्षेत्रहरुमा काम गर्नका लागि म्याचिङ फण्डको व्यवस्था गर्ने

विश्वेल तामाङ
अध्यक्ष

योजना बनाएको छु । सो समेतको लागि रु. ९२ लाख रुपैया बजेट बिनियोजन गरेको छु ।साथै शिक्षा,स्वास्थ्य,कृषि तथा पशुपालन लगायतका क्षेत्रमा साझेदारीमा काम गर्नको लागि सम्बन्धित विषयगत क्षेत्रमा विनियोजन गरियका शिर्षक अन्तरगतका रकम हरु पनि आवस्यकता अनुसार प्रयोग गर्ने व्यवस्था मिलायको छु ।

२१. विपद जोखिम न्यूनीकरणको लागि रोकथाम, नियन्त्रण, उपचार राहत आदि कार्यका लागि विपद् व्वस्थापन कोषमा रु. २० लाख विनियोजन गरेको छु ।

२२. महिला, दलित, अपांग र अति विपन्न समुदायलाई स्वरोजगारी सृजना गर्न , उद्यम विकास, सशक्तिकरण गरी विकासको मुलप्रवाहमा ल्याउन तथा जेष्ठ नागरिक र बालबालिका सम्बन्धी कार्यक्रम संचालन गर्न रु. ३० लाख रकम विनियोजन गरेको छु ।

२३. संस्थागत स्वमूल्यांकन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा वित्तीय सुशासन जोखिम मूल्याङकन गर्न आवश्यक रकम व्यवस्था गरेको छु ।

२४. सन्तुलित विकासको लागि क्षेत्रगत सन्तुलन कायम गर्न वडागत रुपमा प्रत्येक वडामा रु.७० लाखका दरले जम्मा रु. ३ करोड पचास लाख छुट्टयाईएको छ ।

२५. युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अन्य खेलकुदका कार्यक्रमको विकास र युवा परिचालनको लागि पालिका स्तरीय एक खेलकुद विकास समिति गठन गरी खेल क्षेत्रको प्रवर्द्धन गर्न रु. १५ लाख रकम विनियोजन गरेको छु।

२६. गाउँपालिकाको सूचना तथा अभिलेख व्यवस्था गर्न , संचार प्रविधि मैत्री बनाउने र सूचना केन्द्र व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु ।साथै प्रत्येक वडा आसपास फ्री वाईफाई व्यवस्थापन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२७. काहुले आधारभूत अस्पतालमा (MBBS) डाक्टरको व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छु र सो को लागि आवश्यक पर्ने बजेट रु. ६ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

छिरबेल तामाङ
अध्यक्ष

२८. CTEVT अन्तर्गत डिप्लोमा तहको कृषि तथा पशु सम्वन्धी प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विधार्थीहरुको लागि पूर्ण वा आंशिक छात्रवृत्ति प्रदान गर्नका लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।

२९. शिक्षित व्यक्ति १०+२ तथा स्नातक अध्ययन सकेर गाउँमा नै पशु पालन तथा कृषि व्यवसायमा सरिक भएका किसानहरुको उत्प्रेरणाका लागि शिक्षित कृषक अनुदानको व्यवस्था गरेको छु ।

३०. यस पालिका भित्रका शिक्षित वेरोजगार तथा लोक सेवा आयोगको तयारीका लागि अवसर नपाएका हरुका लागि तयारी कक्षा संचालन गरी यस आ.व. मा ५० जनालाई अध्ययन गराउने व्यवस्था मिलाएको छु । सो को लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।

३१. स्थानीय स्तरमा उत्पादित मदिरा लाई व्रान्डीङ गरी उत्पादन प्रक्रियामा जानको लागि आवश्यक अनुसन्धान गर्नका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

३२. सुत्केरी आमाको लागि रु. ३०००। पोषण खर्च दिने व्यवस्थाको लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु । साथै महिला स्वंय सेविकाहरुलाई हाल दिदै आएको रु. ५०० भतालाई सोही वरावर नै थप गरी प्रति महिला स्वयंसेविका मासिक रु. १०००। दिने प्रस्ताव गरेको छु ।

३३. वावु आमा गुमाएका टुहुरा विधार्थीहरुको लागि शैक्षिक सामाग्री सहित नि:शुल्क शिक्षाको व्यवस्था मिलाएको छु । सो को लागि रु. २ लाख रकम विनियोजन गरेको छु ।

३४. असक्त जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण सेवा तथा सामाजिक सुरक्षा भत्ता घर घरमा गई वितरण गर्न आवश्यक प्रवन्ध मिलाएको छु।

३५. वन तथा वातावरण संरक्षण र जडिवुटी शिक्षाको विकास र प्रवर्द्धन समेतको लागि रु २० लाख रकम विनियोजन गरेको छु ।

३६. सहकारी क्षेत्रको विकास, विस्तार प्रवर्द्धन तथा रोजगारी सृजना गर्ने खालका कार्यक्रम सञ्चालनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

विरवल तामाङ
अध्यक्ष

३७. पालिका भित्र बसोबास गर्ने गरीव तथा जेहेन्दार विद्यार्थीले MBBS अध्ययन गर्न चाहेमा त्यस्ता विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था मिलाएको छु । सो को लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

३८. प्राविधिक शिक्षालय स्थापना तथा व्यवस्थापनको लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

३९. गाउँपालिका क्षेत्र भित्रको वडा नं १ र ३ को सिमानामा रहेको खुर्लु खोलाको कारण गयको सडक पहिरो नियन्त्रण र रोकथामको लागि रु. ५० लाख रकम विनियोजन गरेको छु।

४०. कर्मचारी पारिश्रमिक/पदाधिकारी सेवा सुविधा सहित कार्यालय संचालन तथा प्रशासनिक खर्चको लागि रु. ६ करोड रकम विनियोजन गरेको छु।

आदरणीय गाउँ सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यू हरु

अब म किस्पाङ गाउँपालिकाको आगामी गत आ.व २०७७।०७८ को यथार्थ चालु आ.व २०७८।०७९ को प्रगति र आगमि आ.व अनुमान सहित आगमि आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कुल बजेट विनियोजन र आम्दानीका स्रोत अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

- गत आ.व २०७७।०७८ मा चालु तर्फ ७८ प्रतिशत र पुँजिगत तर्फ ७६प्रतिशत गरी कुल बजेट को ७६ प्रतिशत बजेट खर्च भएको छ।भने
- चालु आ.व २०७८।७९ मा चालु तर्फ करिव ८० प्रतिशत र पुँजिगत तर्फ करीव ६९ प्रतिशत गरी कुल बजेट मध्य ७७ प्रतिशत बजेट खर्च हुने अनुमान गरिएको छ।
- त्यस्तै आगामी आ.वा.२०७९/०८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु.४८,५९,८१,०००।-(अक्षेरुपी अठचालीस करोड उन्नासाठीलाख एकासी हजार रुपैया मात्र)खर्च

बिरबल तामाङ
अध्यक्ष

हुने अनुमान गरेको छु ।कुल विनियोजन मध्ये संघ र प्रदेश तर्फको सशर्त कार्यक्रम बाहेक चालु तर्फ रु. ९,७३,२१,००० ।-(अक्षेरुपी नौ करोड त्रिहत्तर लाख एक्काइस हजार मात्र)र पुंजीगत तर्फ रु.२१,४४,१६,०००।-( अक्षेरुपी एक्काइस करोड चवालिस लाख सोह हजार मात्र)रहेको छ ।

- आगामी आ,व.को किस्पांग गाउँपालिकाको आर्थिक ऐन २०७९ यसै साथ संग्लग्न अनुसूची वमोजिम पेश गरेको छु।
- आगामी आ,व.को व्यय अनुमानको शीर्षकगत खर्च विवरण गाउँ पालिकाको विनियोजन विधेयक २०७९ संगै पेश गरेको छु ।
- आगामी आ,व.२०७९/०८० का लागि अनुमान गरियको बजेट विनियोजनको लागि देहायका शीर्षकबाट खर्च व्यहोर्ने श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

<u>अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट</u>

- नेपाल सरकारबाट समानीकरण तर्फ रु. ८१२००,००० ।- (अक्षेरुपी आठ करोड बाह लाख मात्र)
- नेपाल सरकार बाट सशर्त तर्फ रु. १४,९७,००,००० ।- (अक्षेरुपी चौध करोड सन्तानब्वे लाख मात्र)
- नेपाल सरकार विशेष अनुदान तर्फ रु. १,००,००,००० ।- (अक्षेरुपी एक करोड मात्र)
- नेपाल सरकार समपुरक अनुदान तर्फ रु. ४०,००,००।- (अक्षेरुपी चालीस लाख मात्र)
- नेपाल सरकार राजश्व बाँडफाड तर्फ रु. ६,७६,९८००० ।- ( छ करोड छयत्तर लाख अन्ठानब्वे हजार मात्र)
- बागमती प्रदेश सरकार समानीकरण तर्फ रु. ६८,२९,००० ।- (अक्षेरुपी अडसट्ठि लाख उनन्तिस हजारमात्र)
- बागमती प्रदेश सरकार बाट सशर्त तर्फ रु. ।- (अक्षेरुपी २,४५,४४,००० दुई करोड पैतालिस लाख चौवालिस हजार मात्र)

विरवल तामाङ
अध्यक्ष

आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

- बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ रु. १,९०,००,००० ।- (अक्षेरुपी एक करोड नब्बे लाखमात्र)
- बागमती प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. २,८९,८७,००० ।- (अक्षेरुपी दुईकरोड उनानब्बे लाख सतासिहजारमात्र)
- बागमती प्रदेश सरकार राजश्व बाँडफाड तर्फ रु. १,०४,२५,००० ।- (अक्षेरुपी एक करोड चार लाख पच्चिसहजार मात्र)

  - <u>आन्तरिक आयबाट</u>

- गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १,५०,००,००० ।- (अक्षेरुपी एक करोड पचास लाख मात्र)
  - उल्लेखित स्रोतहरुबाट अपुग हुने रु. ६,८५,९८,००० ।-(अक्षेरुपी छ करोड पचासी लाख अन्ठानब्वे हजार मात्र) चालु आ.व. को असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट पूर्ति हुने अनुमान गरेको छु ।

विरवल तामाङ
अध्यक्ष

## आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यू हरु

४१. आर्थिक वर्ष २०७९।०८० को बजेटले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न प्रभावकारी हुने विश्वास गरेको छु । यस बजेटले गाउँबासी जनसमुदाय, विकास साझेदार, निजि क्षेत्र, सहकारी र समुदायमा आधारित संस्थाहरुको अपेक्षा पुरा गर्ने विश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्न सम्पूर्ण गाउँबासी र सरोकारवालाहरु मा हार्दिक अनुरोध गर्दछु ।

४२. आर्थिक वर्ष २०७९।०८०को बजेट तयारीको लागि खटिने सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँपालिकामा कार्यरत कर्मचारीहरु साथै यस कार्यमा रचनात्मक सहयोग गर्ने राजनीतिक दल, विकास साझेदार, गैरसरकारी संस्था, संचारकर्मी, उधमी व्यवसायी, वुद्धिजिवि, किसान, महिला तथा विभिन्न पेशामा संलग्न शुभेच्छुकहरु लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

विरवल तामाङ
अध्यक्ष

आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

अनूसूचिहरुः

# आय र व्यय को स्रोत मिलान

आ.व. : २०७९/०८० को अनुमानित आय

रु.हजारमा

| क्र.स. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | प्रासिको विधि | अनुमानित आय | अनुमानित व्यय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | 13311-समानिकरण अनुदान | नगद अनुदान | ८१२०० | ८१२०० | |
| २ | संघीय सरकार | नेपाल सरकार | 13312-शसर्त अनुदान चालु | नगद अनुदान | १४९७०० | १४९७०० | |
| ३ | संघीय सरकार | नेपाल सरकार | 13314- विशेष अनुदान चालु | नगद अनुदान | १०००० | १०००० | |
| ४ | संघीय सरकार | नेपाल सरकार | 13316-समपुरक अनुदान चालु | नगद अनुदान | ४००० | ४००० | |
| ५ | प्रदेश सरकार | बाग्मती प्रदेश | 13311-समानिकरण अनुदान | नगद अनुदान | ६८२९ | ६८२९ | |
| ६ | प्रदेश सरकार | बाग्मती प्रदेश | 13312-शसर्त अनुदान चालु | नगद अनुदान | २४५४४ | २४५४४ | |
| ७ | प्रदेश सरकार | बाग्मती प्रदेश | 13314-विशेष अनुदान चालु | नगद अनुदान | १९००० | १९००० | |
| ८ | प्रदेश सरकार | बाग्मती प्रदेश | 13316-समपुरक अनुदान चालु | नगद अनुदान | २८९८७ | २८९८७ | |
| ९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड — संघिय सरकार | 10020-राजस्व बाँडफाँड | नगद | ६७६९८ | ६७६९८ | |
| १० | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | 10020-राजस्व बाँडफाँड | नगद | १०४२५ | १०४२५ | |
| ११ | चालु आ.व. को मौज्जाद | आन्तरिक श्रोत | 10010-आन्तरिक श्रोत | नगद मौज्दात | ६८५९८ | ६८५९८ | |
| १२ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | 10010-आन्तरिक श्रोत | नगद | १५००० | १५००० | |
| | | | | कुल बजेट | ४८५९८१ | ४८५९८१ | |

विरबल तामाङ

अध्यक्ष

## आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

### राजश्व तथा अनुदान प्राप्तिको विवरण
### आ.व. २०७९/०८०

| क.स. | विवरण | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को अनुमान रु. हजार |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त अनुदान | | | |
| १.१ | समानिकरण अनुदान | | | ८१२०० |
| १.२ | सशर्त अनुदान | | | १४९७०० |
| १.३ | विशेष अनुदान | | | १०००० |
| १.४ | समपूरक अनुदान | | | ४००० |
| जम्मा | | | | २४४९०० |
| २ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | |
| २.१ | वित्तिय समानिकरण अनुदान | | | ६८२९ |
| २.२ | सशर्त अनुदान | | | २४५४४ |
| २.३ | विशेष अनुदान | | | १९००० |
| २.४ | समपूरक अनुदान | | | २८९८७ |
| | जम्मा | | | ७९३६० |
| ३ | राजश्व बाँडफाँडबाट प्राप्त अनुदान | | | |
| ३.१ | संघीय सरबारबाट प्राप्त हुने | | | ६७६९८ |
| ३.२ | प्रदेश सरबारबाट प्राप्त हुने | | | १०४२५ |
| | जम्मा | | | ७८१२३ |
| ४ | आन्तरिक श्रोत | | | |
| ४.१ | आन्तरिक श्रोत | | | १५००० |
| ४.२ | चालु आ.व. को मौज्दात | | | ६८५९८ |
| | जम्मा | | | ८३५९८ |
| | कुल जम्मा बजेट | | | ४८५९८१ |

विरवल तामाङ
अध्यक्ष

## आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

### क्षेत्रगत व्यय अनुमान

आ.व. : २०७९/०८०

रु. हजारमा

| सि.नं. | संकेत | शीर्षक | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को संशोधित अनुमान | आ.व. २०७९/०८० को अनुमान | जम्मा | सशर्त | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
| १ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | ६०००० | ० | ० | ० | ० |
| २ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | ६०००० | ० | ० | ० | ० |
| | | | | | | | | | |
| ३ | २ | आर्थिक विकास | | | २६०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | १ | कृषि | | | ८५०० | | | | ०.०० |
| ५ | २ | पर्यटन | | | ४००० | | | | ०.०० |
| ६ | ३ | सहकारी | | | १५०० | | | | ०.०० |
| ७ | ४ | पशुपन्छी विकास | | | ११५०० | | | | ०.०० |
| ८ | ५ | लघु उद्योग तथा वाणिज्य | | | ५०० | | | | ०.०० |
| | | | | | | | | | |
| ९ | ३ | पूर्वाधार विकास | | | ११५९८० | ०. | ०. | ०. | ०. |
| १० | १ | यातयात पूर्वाधार (सडक) | | | ५१३२० | | | | ०. |
| ११ | २ | भवन, आवास तथा सहरी विकास | | | ० | | | | ०. |
| १२ | ३ | उर्जा | | | १००० | | | | ०. |
| १३ | ४ | झोलुङ्गे पुल, कल्भर्ट नाली | | | ४२०० | | | | ०. |
| १४ | ५ | | | | | | | | |

बिरबल तामाङ
अध्यक्ष

आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ०. |
| | | सिचाई | | | २६५० | | | | |
| १५ | | खानेपानी | | | १२३१० | | | | |
| १५ | ६ | बर्षातले क्षति बाटो सरसफाई, खोला र पहिरो नियन्त्रण | | | ५००० | | | | ०. |
| १६ | ७ | लेन्थ वर्कर | | | २००० | | | | ०. |
| १७ | ८ | मर्मत तथा स्तरोन्नति | | | ४००० | | | | ०. |
| १८ | ९ | चौतारो संरक्षण | | | ५०० | | | | ०. |
| | | | | | | | | | ०. |
| १९ | १० | अन्य समपुरक योजना | | | ३३००० | | | | ०. |
| २० | ४ | वन वातावरण तथा विपद व्यवस्थापन | | | ५६०० | | | | ० |
| २१ | १ | वन,वातावरण र विपद व्यवस्थापन कोष | | | २००० | | | | ० |
| २२ | २ | भूक्षय तथा बाढी पहिरो नियन्त्रण -- (तार जाली, पाईप,पूर्वाधार) | | | ३६०० | | | | ० |
| २३ | ५ | सामाजिक विकास | | ०. | ३११२० . | ०. | ०. | ०. | ०. |
| २४ | १ | सामाजिक सुरक्षा तथा संरक्षण(आ.स.) | | | २००० | | | | ०. |
| २५ | २ | युवा तथा खेलकुद | | | १५०० | | | | ०. |
| २६ | ४ | भाषा तथा संस्कृति | | | २१२० | | | | ०. |
| २७ | ५ | शिक्षा | | | १४००० | | | | ०. |
| २९ | ६ | स्वास्थ्य | | | ८५०० | | | | ०. |

विरवल तामाङ
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २५ | ७ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | | ३००० | | | | ०. |
| २६ | ६ | सुशासन तथा संस्थागत विकास | ४७७ | | ११०५०. | ०. | ०. | ०. | ०. |
| २७ | १ | सामाजिक जवाफदेहिता | | | ५०० | | | | ०. |
| २८ | २ | समिक्षा गोष्ठि | | | ४०० | | | | ०. |
| २९ | ३ | लागत साँझेदारी | | | ५००० | | | | ०. |
| ३० | ४ | पञ्जिकरण | | | १५० | | | | ०. |
| ३१ | ५ | कर्मचारी तालिम तथा विविध | | | ५०० | | | | ०. |
| ३२ | ६ | सफ्टवेयर खरिद तथा जडान | | | ५०० | | | | ०. |
| ३३ | ७ | न्यायिक समिति तथा मेलमिलापकर्ता सम्वन्धि विविध कार्यक्रम | | | १५०० | | | | ०. |
| ३४ | ८ | संगठन तथा व्यवस्थापन | | | ५०० | | | | |
| ३५ | ९ | राजश्व सम्भाव्यता अध्ययन | | | ५०० | | | | ०. |
| ३६ | १० | सूचना तथा संचार प्रविधि | | | १५०० | | | | ०. |
| | | जम्मा रकम | | | २४९७५० | | | | ०. |
| | | | | | | | | | ०. |
| | १ | संघीय सरकारबाट प्राप्त | | | १६३७०० | | | | |
| | १.१ | संघीय सरकारवाट प्राप्त सशर्त कार्यक्रम | | | १४९७०० | | | | |
| | १.२ | विशेष अनुदान | | | १०००० | | | | |
| | १.३ | समपुरक अनुदान | | | ४००० | | | | |
| | २ | प्रदेश सरकारबाट प्राप्त | | | ७२५३१. | | | | |

चिरबल तामाङ
अध्यक्ष

## आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २.१ | प्रदेश सरकारवाट प्राप्त सशर्त कार्यक्रम | | | २४५४४ | | | |
| | २.२ | विशेष अनुदान | | | १९००० | | | |
| | २.३ | समपुरक अनुदान | | | २८९८७ | | | |
| | | कुल जम्मा रकम | | | ४८५९८१ | | | |

विरवल तामाङ

अध्यक्ष